# विपद् व्यवस्थापन समन्वयात्मक बैठक (२०८३/०५/१० गते) का छलफलका विषय तथा निर्णयहरु

१. आज मिति २०८३ भाद्र १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण ज्यान गुमाउने प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै, शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौ साथै घाईतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

२. यस प्रदेशका नागरिकहरु समेत उक्त स्थानमा विभिन्न कामका शिलशिलामा तथा तिर्थयात्रामा रहनु भएका हुनसक्ने सन्दर्भमा ती नागरिकहरुको तथ्यांक संकलन र परिवारसँग सम्पर्क स्थापित गर्ने व्यवस्था मिलाउन सबै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गरी पठाउने।

३. जाजरकोटको वाढी तथा पहिरोवाट प्रभावित व्यक्तिहरुको लागि सम्वन्धित मन्त्रालय तथा सुरक्षा निकायवाट भए गरेका कार्यहरुको जानकारी तथा छलफल बैठकमा गराईयो।

४. मिति २०८३ भाद्र ११ र १२ गते जल तथा मौसम विज्ञान विभागले मौसमको अवस्थाको सम्वन्धमा गरेको प्रक्षेपणका आधारमा कर्णाली प्रदेशका पहाडी जिल्लाहरु खासगरी दैलेख, सुर्खेत, सल्यान र रुकुमपश्चिमका केही भुभागमा भारी वर्षा हुने पूर्वानुमान गरेकोले यस प्रदेशको महाबुधाम(दैलेख), बडिमालिका(बाजुरा), ऋणमोक्ष धाम (मुगु), ठाकुरज्यू (जुम्ला) लगायतमा तीर्थयात्रा/पदयात्रा गरिरहेका तीर्थयात्री र पदयात्रीहरुले प्रयोग गर्ने सडकमार्ग तथा पैदलमार्ग (Route) को मौसम अवस्था जानकारी लिई सावधानी र सतर्कता अपनाउन अनुरोध गर्ने सूचना प्रकाशन गर्ने।

५. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको कार्यका लागि पूर्वसचेतना, पूर्वतयारी र प्रतिकार्य गर्न सबै सुरक्षा निकाय तथा सम्बन्धित निकायहरुलाई तत्पर रहन जानकारी गराउने।

६. प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रवाट संकलन भएका विपद् सम्बन्धी घटनाहरुको प्रमुख सूचकहरुको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना वोर्डमा नियमित प्रकाशन गर्न प्रबन्ध गर्ने।

७. विपद् जोखिमको अवस्था कायम रहीरहेको अवस्थामा प्रदेश अन्तर्गतका कार्यालय प्रमुख तथा जिम्मेवार कर्मचारीहरु अति आवश्यक काम नपरी विदामा नवस्ने र अति आवश्यक काम परी विदामा बस्नु परेमा वैकल्पिक व्यवस्था मिलाएर मात्र बस्ने ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८३/५/१०

प्रमुख सचिव

CS CamScanner